# भेरीगंगा नगरपालिका

## स्थानीय राजपत्र



| खण्ड : ३ | संख्या : ४ | मिति : २०७६ साउन २० |
|---|---|---|



**प्रस्तावना**

भेरीगंगा नगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा ६४ को अधिनमा रही भेरीगंगा नगरपालिकाअन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता र कर्मचारी तथा प्रदेश सरकार तथा नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको करार तथा अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्नको लागि यो कार्यविधि बनाई लागू गरिएको छ ।

१.संक्षिप्त नाम, प्रारम्भ र प्रयोग : क) यो कार्यविधिको नाम **भेरीगंगा नगरपालिका शिक्षक र कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७६** रहेको छ ।

ख) यो कार्यविधि भेरीगंगा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा वालविकास केन्द्रहरुमा हुने अस्थायी तथा करार नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग) यो कार्यविधि भेरीगंगा नगरपालिकाको नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्म नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाको स्रोतबाट तलब भत्तापाउने गरी स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार तथा राहत अनुदानकोटा तथा स्वयम्सेवकको रुपमा नियुक्तहुने शिक्षक र कर्मचारीहरुको नियुक्तिको लागि प्रयोग हुनेछ ।

२) परिभाषा

क) **'ऐन'** भन्नाले भेरीगंगा नगरपालिका शिक्षा ऐन, २०७५ सम्झनु पर्छ । साथै ऐन भन्नाले संघीय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ ।

ख) **'नियमावली'** भन्नाले संघिय शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्छ ।

ग) '**शिक्षक सेवा आयोग'** भन्नाले संघीय  कानून अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ । यो शब्दले प्रदेश स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउनेछ ।

घ) '**शिक्षा शाखा'** भन्नाले भेरीगंगा नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

## परिच्छेद : एक

## नेपाल सरकारको स्वीकृत दरबन्दीमा वा कोटामा शिक्षक र कर्मचारीको नियुक्ति प्रक्रिया

**३.नेपाल सरकारको स्वीकृत तथा राहत अनुदान कोटामा शिक्षक र कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था**ः(१) दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमानगर शिक्षा ऐन, २०७५ को दफा २४, शिक्षा नियमावली र शिक्षक सेवा आयोग नियमावली तथा यस कार्यविधिको नियम ५ बमोजिमको प्रक्रिया पूरा गरी शिक्षक तथा कर्मचारी छनौट गरिने छ ।

(२) उपनियम (१) बमोजिमको प्रक्रिया पूरा गरी शिक्षक छनौट समितिबाट सिफारिश भएका उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्ति गर्ने छ ।

(३) उपनियम (१) बमोजिम शिक्षक छनौट गर्दा आयोगबाट प्रकाशन गरिने करार सूचिमा रहेका उम्मेदवारलाई पहिलो प्राथमिकता दिइने छ ।

**४. शिक्षक तथा कर्मचारी छनौट समितिः** (१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी र राहत  अनुदान कोटामा करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा नगर शिक्षा ऐन, २०७५ को दफा २४ बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति रहने छ ।

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

**५. शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा अवलम्वन गर्नुपर्ने प्रक्रिया**

(क) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्दा दरवन्दी रिक्त रहे रहेको सुनिश्चित गरी शिक्षकको हकमा तह र विषय मिल्ने गरी तथा कर्मचारी र बालविकास सहजकर्ताको हकमा विद्यालय व्यवस्थापन समितिको माग भएबमोजिम विज्ञापन गर्नका लागि सम्बन्धित विद्यालयले शिक्षा शाखाबाट अनुमति लिनुपर्ने छ र शाखाले अनुमति प्राप्त गरेको जानकारी वडा समितिलाई समेत दिनुपर्ने छ ।

(ख) शिक्षक नियुक्ति गर्नका लागि कम्तीमा पन्ध्र दिन (नगरपालिकाले सिर्जना गरेको कोटाको हकमा ७ दिन) को सूचना तथा कर्मचारी र बालविकास सहजकर्ता नियुक्तिका लागि सम्बन्धित विद्यालयले निर्माण गरेको कार्यविधि बमोजिम तर कार्यविधि निर्माण नभएको भए **सात** दिनको सार्वजनिक सूचना

सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै शिक्षा विकास तथा समन्वय इकाइ, नगरपालिका, वडा कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ ।

(ग) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले प्रचलित कानुनबमोजिम शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र आदि निवेदन साथ पेश गर्नु पर्नेछ ।

(घ) निर्धारित समायावधि भित्र रित पुगी प्राप्त हुन आएका निवेदन, प्रमाणपत्र र सम्बन्धित विवरणहरु सम्बन्धित विद्यालयले शिक्षक र कर्मचारी छनौट समितिका अध्यक्षबाट प्रमाणीत गराई सचिवालयमा सुरक्षित रुपमा राख्नुपर्ने छ ।

(ङ) शिक्षा शाखाको परामर्श र छनौट समितिको अध्यक्षको निर्देशनमा विद्यालयले कम्तिमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेदवारहरुलाई सूचित गर्नु पर्नेछ ।

च) शिक्षक र कर्मचारी छनौट समितिको सदस्यको रुपमा विषय विशेषज्ञको सन्दर्भमा नगरपालिकाको शिक्षा शाखाले प्रत्येक शैक्षिक सत्रको पहिलो महिनाभित्र तहगत र विषयगत रुपमा विषय विशेषज्ञको सूचि अद्यावधिक गर्नु पर्नेछ ।

छ) नियम (च) बमोजिम सूचिकृत भएका विशेषज्ञहरुमध्येबाट गोला प्रथाबाट कुनै दुई जना विशेषज्ञहरु छनौट गरिने छ ।

ज) शिक्षा शाखामा प्रश्न बैंक निर्माण गरिने छ । कुनै पनि तह र विषयको शिक्षक पदपूर्तिका लागि आवश्यक पर्ने प्रश्नहरु प्रश्न बैंकबाट झिकेर विशेषज्ञहरुबाट मोड्रेशन गरी परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

झ) शिक्षक र कर्मचारीको पदपूर्तिका लागि लिएको परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा कोडिङ र डिकोडिङ अनिवार्य गरिनुपर्ने छ ।

ञ) शिक्षक र कर्मचारीको रिक्त पदपूर्तिका लागि लिइने परीक्षालाई मर्यादित र स्वच्छ बनाउनका लागि शिक्षा शाखाले शाखाका अन्य कर्मचारीहरुलाई समेत परिचालन गर्न सक्नेछ ।

(ट) अन्तर्वार्ता, नतिजा प्रकाशन लगायतका अन्य कार्यहरु शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम सञ्चालन गरिने छ ।

(ठ) सम्बन्धित विद्यालयले परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्दा शिक्षक र कर्मचारी छनौट समितिका पदाधिकारी, अनुगमनकर्ता र परीक्षा केन्द्रका सहयोगीलाई प्रचलित नियमानुसारको बैठक खर्च उपलब्ध गराउनु पर्ने छ ।

(ड) उक्त परीक्षाको केन्द्र नगरपालिका वा शिक्षा शाखाले तोकेको स्थानमा हुनेछ ।

(ढ) शिक्षक र कर्मचारी छनौट समितिको सिफारिसमा विद्यालयले यस नियमबमोजिम करारमा शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्त गरी सोको अभिलेखीकरणको लागि शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ र शिक्षा शाखाले नियमानुसारको प्रक्रिया पूरा गरी शिक्षक र कर्मचारी नियुक्ति भए नभएको एकिन गरी गरी सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(ण) करारमा शिक्षक तथा कर्मचारी नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्नेछ ।

(त) कुनै विद्यालयले यस कार्यविधिले तोकेबमोजिमको प्रक्रिया नपुर्याई शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गरेमा शिक्षा शाखाबाट त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

## परिच्छेद : दुई

## नगरपालिकाले सृजना गरेको अस्थायी दरबन्दीमा वा कोटामा शिक्षक र कर्मचारीको नियुक्ति प्रक्रिया

**६. नगरपालिकाको स्रोतबाट पारिश्रमिक पाउने स्वयमसेवक शिक्षक र कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था :** नगरपालिकाद्वारा सिर्जना गरिएको स्वयमसेवक करार शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्ति यस कार्यविधिको नियम ४ र छनौटको प्रक्रिया नियम ५ बमोजिम हुने छ ।

**७. शिक्षक र कर्मचारीको नियुक्ति सम्बन्धी अन्य प्रक्रिया**

क) नगरपालिकाबाट बार्षिक रुपमा स्वीकृत बजेटको परिधिमा रही शुन्य दरवन्दी रहेका वा सबैभन्दा कम दरवन्दी, विद्यार्थी संख्या आदि समेत आधार मानी देहाय बमोजिमको कोटा निर्धारण गरी अनुसूची १ बमोजिम विद्यालयमा शिक्षक व्यवस्थापन गरिने छ ।

अ) माध्यमिक तह : ६ वटा (अंगेजी, गणित वा विज्ञानमध्ये एक विषय)

आ) निम्नमाध्यमिक तह : जम्मा ११ वटा (अंगेजी, गणित वा विज्ञानमध्ये एक विषय)

इ) प्राथमिक तह : जम्मा २४ वटा (एकिकृत)

ख) संघ, प्रदेश र नगरपालिकाको श्रोतबाट शिक्षक व्यवस्थापन गर्दा नियम ७ को (क) बमोजिम शिक्षक व्यवस्थापन भए अन्य विषयका शिक्षकको व्यवस्थापन गरिने छ ।

ग) नेपाल सरकारबाट यो कार्यविधि लागू हुनुभन्दा अगाडि वितरण गरिएका र नगरपालिकाबाट समायोजन तथा पुनः वितरण गरिएका विद्यालयहरु बाहेक बालविकास केन्द्र नभएका प्रत्येक विद्यालयमा एउटा बालविकास केन्द्र कायम गरी एक जना बालविकास सहजकर्ताको व्यवस्थापन गरिने छ ।

घ) शिक्षा शाखाले नियम ७ (क) बमोजिम निर्धारण गरिएको कोटा र विषयको अधिनमा रही नियम ४ र ५ बमोजिमको प्रक्रिया पूरा गरी शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताको नियुक्ति गर्नका लागि विद्यालयहरुलाई निर्देशन दिने छ ।

ङ) निर्धारित प्रक्रिया पूरा गरी नियुक्त भएका शिक्षक वा कर्मचारीले कारणबस राजिनामा दिएमा वा अन्य कारणले सो पद रिक्त भएमा सम्बन्धित विद्यालयले यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी पदपूर्ति गर्नुपर्ने छ ।

च) उक्त परीक्षाको केन्द्र नगरपालिका वा शिक्षा शाखाले तोकको स्थानमा हुनेछ ।

छ) परीक्षा सञ्चालन तथा व्यवस्थापनका अन्य कार्य नियम ५ ले निर्धारण गरेबमोजिम हुनेछन् ।

ज) प्रारम्भिक बालशिक्षा कक्षा सञ्चालन नभएका नगरपालिकाअन्तर्गतका ५ वटा विद्यालयहरुमा बालशिक्षा कक्षा सञ्चालन गरिने छ । उक्त कक्षा सञ्चालन गर्नका लाीग सहजकर्ताको व्यवस्थापन यस कार्यविधि बमोजिम हुने छ ।

## परिच्छेद : तीन

## सिफारिस र नियुक्ति सम्बन्धमा

८. शिक्षक र कर्मचारी छनौट समितिले आवश्यक पक्रिया पूरा गरी सबैभन्दा उत्कृष्ट उम्मेदवार छनौट गरिसकेपछि उक्त उम्मेदवारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने छ ।

९. शिक्षक र कर्मचारी छनौट समितिले आवश्यक प्रक्रिया पूरा गरेर नियुक्तिका लागि सिफारिश गरेको शिक्षक वा कर्मचारीसंग कार्यसम्पादन सम्झौता गरी समयावधि, सेवा शर्त र सुविधाहरु स्पष्ट किटान गरी विद्यालय व्यवस्थापन समितिले नियुक्ति प्रदान गर्नुपर्ने छ ।

१०. नगरपालिकाको स्रोतबाट पारिश्रमिक पाउने पदमा लिखित तथा मौखिक परीक्षाबाट उत्तीर्ण भई सिफारिस गरिएका स्वमसेवक शिक्षकको तलब भत्ता मासिक रुपमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकका लागि क्रमशः **१५०००, १८००० र २५०००** हुने छ ।

११. बैकल्पिक उम्मेदवार नियुक्ति सम्बन्धमा : यस कार्यविधिबमोजिम नियुक्तिको लागि सिफारिस भएका शिक्षक वा कर्मचारीका उम्मेदवारले नियुक्ति नबुझेमा वा नियुक्ति बुझेको पन्ध्र दिनभित्र विद्यालयमा हाजिरी नभएमा, राजिनामा दिएमा वा अन्य कुनै कारणले एक बर्ष नपुग्दै पद रिक्त भएमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले वैकल्पिक उम्मेदवारलाई नियुक्ति गर्ने छ ।

## परिच्छेद : चार

## सेवा, शर्त र सुविधाहरु

१२. नेपाल सरकारको दरबन्दीमा नियुक्त भएका शिक्षक, कर्मचारी र बालशिक्षाका सहजकर्ताहरुले शिक्षा नियमावली र अन्य नेपाल सरकारले तोकेबमोजिमका सेवा र सुविधाहरु प्राप्त गर्ने छन् ।

१३. नगरपालिकाले सृजना गरेका दरबन्दी र कोटामा नियुक्त हुने स्वयम्सेवक शिक्षक, कर्मचारी र बालविकास शिक्षाका सहजकर्ताको पारिश्रमिक र अन्य सेवा सुविधाहरु नगर शिक्षा समितिले निर्धारण गरेबमोजिम हुने छ ।

१४. नेपाल सरकारको दरबन्दीमा नियुक्त भएका शिक्षक, कर्मचारी र बालशिक्षाका सहजकर्ताहरुलाई नगर कार्यपालिकाले र नगरपालिकाले सृजना गरेको कोटामा नियुक्त शिक्षक र कर्मचारीहरुलाई सम्बन्धित वडा कार्यालय र विद्यालयले अतिरिक्त सेवा सुविधा समेत उपलब्ध गराउन सक्नेछन् ।

## परिच्छेद : पाँच

## विविध

१५. पदपूर्तिका लिइने परीक्षाको सञ्चालन तथा व्यवस्थापनको क्रममा आवश्यक पर्ने मसलन्द सामग्री, उत्तरपुस्तिका छपाइ लगायतको बन्दोबस्त सम्बन्धित विद्यालयले गर्नु पर्नेछ ।

१६. परीक्षा सञ्चालन, उत्तर पुस्तिका छपाइ, उत्तरपुस्तिका परीक्षण लगायतका विभिन्न कार्य सञ्चालन तथा व्यवस्थापन गर्नका लागि लाग्न सक्ने खर्च परीक्षा दस्तुर वापत उठेको रकमबाट व्यहोर्नु पर्ने छ । परीक्षा दस्तुरबाट खर्च नपुग भएमा बाँकी खर्च सम्बन्धित विद्यालयले व्यहोर्नुपर्नेछ ।

१७. संशोधन : यो कार्यविधिमा नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक परिमार्जन र सुधारका लागि संशोधन गर्न सकिनेछ ।

१८. व्याख्या : यो कार्यविधिको प्रयोगमा द्विविधा उत्पन्न भएमा भेरीगंगा नगरपालिका र नगर शिक्षा समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

# अनुसूचीः १

| प्राथमिक तह | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. स. | बिद्यालयको नाम | संचालित कक्षा | प्राथमिक तहको जम्मा दरबन्दी विवरण | | | स्वयम् सेवक शिक्षकबापत अनुदान कोटा संख्या |
| | | | दरवन्दी | राहत | जम्मा | |
| १ | श्री बालकल्याण प्राबि लेखहातिखाल | ५ | १ | १ | २ | १ |
| २ | श्री चन्द्रसुर्य प्राबि लेखपराजुल | ५ | २ | ० | २ | १ |
| ३ | श्री नेराआबि अवलपराजुल | ८ | २ | ० | २ | १ |
| ४ | श्री नवज्योति प्राबि कुटमिरे | ५ | ० | २ | २ | १ |
| ५ | श्री देउतिबज्यै प्राबि सालघारी | ५ | ० | २ | २ | १ |
| ६ | श्री नेरा प्राबि सितापुर | ५ | २ | ० | २ | १ |
| ७ | श्री सरस्वती प्राबि शान्तिपुर | ५ | १ | १ | २ | १ |
| ८ | श्री नेरा प्राबि लामितडा | ५ | २ | ० | २ | १ |
| ९ | श्री नेराप्राबि मसिना | ५ | २ | ० | २ | १ |
| १० | श्री जनज्योति आबि थर्मुसे | ५ | २ | ० | २ | १ |
| ११ | श्री नवज्योति प्राबि लेखझिंङनि | ५ | २ | ० | २ | १ |
| १२ | श्री नेराप्राबि ठुलोखालि | ५ | २ | ० | २ | १ |
| १३ | श्री जनता प्राबि बबईहात्तिखाल | ५ | २ | ० | २ | १ |
| १४ | श्री बिश्वज्योति प्राबि देवस्थल | ५ | ० | २ | २ | १ |
| १५ | श्री भगवति प्राबि लोदे | ५ | ० | २ | २ | १ |
| १६ | श्री नवज्योति प्राबि मुलपानि | ५ | २ | ० | २ | १ |
| १७ | श्री देउति प्राबि चौखे | ५ | २ | ० | २ | १ |
| १८ | श्री सरस्वति प्राबि गेरुवानी | ५ | १ | ० | १ | १ |
| १९ | श्री सिद्धचुलि प्राबि चैते | ५ | ० | १ | १ | १ |
| २० | श्री बालज्योति प्राबि सानोडुङगि | ५ | ० | १ | १ | १ |
| २१ | श्री चन्द्रसुर्य प्राबि कुकुरफाले | ५ | ० | १ | १ | १ |
| २२ | श्री जनजागरण प्राबि तल्लोभर्याङ | ३ | ० | ० | ० | २ |
| २३ | श्री जनआस्था प्रावि टाँकुरी | ० | ० | ० | ० | १ |
| जम्मा | | | २५ | १३ | ३८ | २४ |

**निम्नमाध्यमिक तह**

| क्र.सं. | बिद्यालयको नाम | वडा नं | संचालित कक्षा | निम्न माध्यमिक तहको जम्मा दरबन्दी विवरण | | | स्वयम् सेवक शिक्षकबापत अनुदान कोटा संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | दरवन्दी | राहत | जम्मा | |
| १ | श्री नेराआबि तोलीखोला | ५ | ८ | ० | ० | ० | १ |
| २ | श्री नेराआबि मुरलिखोला | ४ | ८ | | | ० | १ |
| ३ | श्री नेराआबि अमिलाचौर | ४ | ८ | | | ० | १ |
| ४ | श्री सुर्यज्योति आबि हर्रे | ४ | ८ | | | ० | १ |
| ५ | श्री भवानी आबि च्युरिगैरा | ५ | ८ | | | ० | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | श्री नेराआबि तल्लोथानिचौर | १० | ८ | | | ० | १ |
| ७ | श्री नेराआबि घारिबन | 7 | ८ | | | ० | १ |
| ८ | श्री नेराआबि काठेघारी | ७ | ८ | | | ० | १ |
| ९ | श्री नेराआबि अवलपराजुल | ३ | ८ | | | ० | १ |
| १० | श्री जनज्योति आबि थर्मुसे | २ | ८ | | | ० | १ |
| **जम्मा** | | | | **१** | **०** | **१** | **१०** |

**माध्यमिक तह**

| **क्र. सं.** | **बिद्यालयको नाम** | **संचालित कक्षा** | **माध्यमिक तहको दरबन्दी विवरण** | | | **स्वयम् सेवक शिक्षकबापत अनुदान कोटा संख्या** |
|---|---|---|---|---|---|---|
| | | | **दरवन्दी** | **राहत** | **जम्मा** | |
| १ | श्री प्रभात माबि थानिचौर | १० | | | ० | १ |
| २ | श्री नेरामाबि भर्याङ | १० | | | ० | १ |
| ३ | श्री सामुदायिक माबि सनिमोर | १० | | | ० | १ |
| ४ | श्री नेरामाबि सानोजात्रि | १० | | | ० | १ |
| ५ | श्री नेरामाबि लोदे | १० | | | ० | १ |
| ६ | श्री लालिगुरास माबि घूम्ने | १० | | | ० | १ |
| **जम्मा** | | | **०** | **०** | **०** | **६** |

आज्ञाले,

कमल प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत